# अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०८/११

## दुल्लू नगरपालिका
## दुल्लू, दैलेख

# अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५

**प्रस्तावना :**

नेपालको संविधान, अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी महासन्धि-२००६ (Convention on the Rights of Persons with Disabilities (CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि बनाउन वाञ्छनीय भएकोले, अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले बनाएको कार्यविधिलाई आधारमानी दुल्लू नगरपालिकाले देहायको कार्यविधि जारी गरेको हो ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "ऐन" भन्नाले अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धीऐन, २०७४ (पहिलो संशोधन २०७५ समेत) सम्झनु पर्दछ ।

ख) "नियमावली" भन्नाले अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धीऐन २०७४ अनुसार बन्ने नियमावली सम्झनु पर्दछ ।

ग) "स्थानीय तह" भन्नाले दुल्लू नगरपालिका सम्झनु पर्दछ ।

घ) "वडा कार्यालय" भन्नाले दुल्लू नगरपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

ङ) "समन्वय समिति" भन्नाले अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धीऐन, २०७४ (पहिलो संशोधन २०७५) को दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२
## उद्देश्य, मापदण्ड

३. उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

क) विभिन्न प्रकारका अपांगता भएका नेपाली नागरिकहरुको पहिचान गरी उनीहरुलाई सेवा सुविधामा पहुँच स्थापित गर्न, त्यस्ता सेवा सुविधाहरुको लागि योजना निर्माण गर्न र स्थानीय तह देखि नै विभिन्न प्रकृतिका अपांगता भएका व्यक्तिहरुको वर्गीकृत लगत राख्न सहज तुल्याउने ।

ख) अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धीऐन र अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धि २००६ (CRDP) मा नेपाल सरकारले जनाएको प्रतिवद्धता बमोजिम अपांगता भएका व्यक्तिलाई प्राथामिकताको आधारमा सेवा सुविधाहरु उपलव्ध गराउन सहज बनाउने ।

ग) अपांगताको प्रकृति, वर्गीकरण र अवस्थाका आधारमा अपांगता भएका व्यक्तिले पाउने सेवा, सुविधा र अवसरको प्राथामिकिकरण गर्न सहयोग गर्ने ।

४. परिचय-पत्र वितरण मापदण्ड देहाय बमोजिम रहेका छन् :

अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको अनुसूचीमा प्रकृतिका आधारमा अपांगतालाई १०(दश) प्रकारमा वर्गीकरण गरिएको छ । अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको अनुसूचीमा उल्लेखित गाम्भीर्यताका आधारमा गरिएको अपांगताको वर्गीकरण गरी देहायका चार समुहका परिचय-पत्र वितरण गरिनेछ :

क) पूर्ण अशक्त अपांगता :

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'क' बर्गको परिचय पत्र उपलव्ध गराईनेछ, जुन रातो रंगको पृष्ठभूमिमा जारी गरिनेछ ।

१. व्यक्तिको शारीरिक, मानसिक वा इन्द्रीय सम्वन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्य गम्भीर भई अरुको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति,

२. सामान्य भन्दा सामान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने, तीव्र वौद्धिक अपांगता भएका व्यक्तिहरु, तीव्र रुपमा अटिज्म प्रभावित व्यक्ति, पूर्णरुपमा श्रवण दृष्टिविहिन व्यक्तिहरु,

३. दुई वा सो भन्दा बढी प्रकृतिका शारीरिक, मानसिक वा इन्द्रिय सम्वन्धीक्षति भई सबैजसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नु पर्ने अवस्थाका व्यक्तिहरु,

४. निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक परिरहने शारीरिक अपांगता भएका व्यक्ति वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरु ।

ख) अति अशक्त अपांगता :

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'ख' बर्गको परिचय पत्र उपलव्ध गराईनेछ, जुन निलो पृष्ठभूमिमा जारी गरिनेछ ।

१. शारीरिक, मानसिक वा इन्द्रीय सम्वन्धी क्षति वा विचलन भएतापनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रर्दशक आदिको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरु लगायत हिडडुल र संचार गर्न कठिनाई हुने व्यक्तिहरु,

२. मष्तिस्क, पक्षघात, मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफिलिया, मांशपेशी सम्वन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड, हात, गोडा, कम्मर आदिले काम गर्न नसकी दैनिक आवगमनको लागि ह्विलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरु

३. दुवै हात कुमदेखि वा पाखुरादेखि मुनि पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मर भन्दा मुनिको भाग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशिल नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरु,

४. दृष्टिविहिन र पूर्ण दृष्ट्रिविहिनको परिभाषा अन्तर्गत पर्ने व्यक्तिहरु,

५. संचारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (वहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाईमा समस्या भएका बौद्धिक अपांगता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिईरहनुपर्ने वहुअपांगता भएका व्यक्तिहरु

(ग) मध्यम अपांगता :

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'ग' बर्गको परिचय पत्र उपलव्ध गराईनेछ, पहँलो पृष्ठभूमिमा जारी गरिनेछ ।

१. कृत्रिम अंग, क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक सामग्रीको प्रयोगवाट सामान्य हिडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने,

२. विभिन्न कारणले घुँडामुनिको अंगमा मात्र प्रभाव परेको तर सहयाक सामग्रीको प्रयोग नगरी पनि सामान्य हिँडडुल गर्न सक्ने,

३. कुम वा पाखुरा भन्दा मुनि एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने,

४. दुवै हातको हत्केला भन्दा मुनिका कम्तीमा बुढी औंला र चौरी औंला गुमाएका

५. दुवै गोडाको कुर्कुच्चा भन्दा मुनिको भाग नभएका तर सामान्य हिडडुल गर्न सक्ने,

६. मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको,

७. सिकाईमा ढिलाई भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपांगता र अटिज्म भएका व्यक्तिहरु,

८. श्रवणयन्त्रको प्रयोगवाट वा ठुलो आवाज मात्र सुन्न सक्ने सुस्तश्रवण व्यक्तिहरु

९. शल्यक्रियावाट स्वरयन्त्र झिकी घाँटीको नलीवाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरु

१०. ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरु

११. बोल्दा अड्किने, शव्द वा अक्षर दोहोर्‍याउने समस्या तिव्र भएका भकभके व्यक्तिहरु,

१२. तीन फुट भन्दा मुनिको होचापुड्का व्यक्तिहरु,

१३. चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्नीफायरको प्रयोगवाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,

१४. अनुवंशीय रक्तश्राव (हेमोफेलिया) सम्वन्धी समस्या भई दैनिक हिडडुलमा कठिनाई हुने व्यक्तिहरु,

१५. मानसिक वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरु ।

(घ) सामान्य अपांगता :

तल उल्लेखित अवस्थाका व्यक्तिहरुलाई 'घ' बर्गको परिचय पत्र उपलव्ध गराईनेछ, जुन सेतो पृष्ठभूमिमा जारी गरिनेछ ।

१. शारीरिक, मानसिक वा इन्द्रीय सम्वन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयं सम्पादन गर्न सक्ने,

२. हात वा खुट्टा केहि छोटो भएका, एक हातको हत्केला भन्दा मुनि नचल्ने वा गुमाएका, एक हातको हत्केला भन्दा मुनिका कम्तिमा बुढी औंला र चोरीऔंला भएका व्यक्तिहरु,

३. ठुलो अक्षर पढ्न नसक्ने न्यून दृष्ट्रियुक्त व्यक्तिहरु,

४. दुवै गोडाको दुवै औंलाका भागहरु नभएका,

५. श्रवणयन्त्र लगाई ठुलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु ।

## परिच्छेद-३
## परिचय पत्र ढाँचा र समन्वय समिति

५. अपांगता भएका व्यक्तिहरुको परिचय पत्रको ढाँचा देहाय बमोजिम हुने छ ।

परिचय पत्र वाहक व्यक्तिको व्यक्तिगत विवरण स्पष्ट हुने गरी नागरिकताको प्रमाण पत्रको ढाँचामा यस कार्यविधिको अनुसूची २ बमोजिम एकापट्टी नेपाली भाषामा र अर्कोपट्टी अंग्रेजी भाषामा लेखिएको माथि दफा ४ मा उल्लेखित मापदण्ड अनुसार एक पृष्ठको परिचय पत्र गाम्भीर्यताका आधारमा गरिएका चार वर्गका अपांगता भएका व्यक्तिहरुलाई चार फरक फरक रंगमा उपलब्ध गराईनेछ ।

६. समन्वय समिति सम्वन्धीव्यवस्था देहाय बमोजिम हुने छ ।

(१) अपांगता भएका व्यक्तिको अधिकार सम्वन्धीऐन, २०७४ को दफा ४२ अनुसार अपांगता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि नगरपालिमा देहाय बमोजिमको स्थानीय समन्वय समिति रहनेछ :-

| | |
|---|---|
| क) नगरपालिकाको उपप्रमुख : | संयोजक |
| ख) नगरपालिकाको महिला सदस्यवाट नगरकार्यपालिकाले तोकेको महिला सदस्य : | सदस्य |
| ग) नगरपालिका भित्रका माध्यामिक विद्यालयका प्रधानाध्यापक मध्येवाट नगरकार्यपालिकाले तोकेको व्यक्ति : | सदस्य |
| घ) नगर कार्यपालिकाले तोकेको स्थानीय अस्पतालको चिकित्सक : | सदस्य |
| ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख : | सदस्य |
| च) अपांगता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीयस्तरमा कार्यरत संघसंस्थाहरु मध्येवाट नगरपालिकाको प्रमुखले मनोनित गरेको संस्थाको प्रतिनिधि : | सदस्य |
| छ) नगरपालिका भित्रका अपांगता भएका व्यक्तिहरु मध्येवाट समन्वय समितिले मनोनयन गरेको एकजना महिला सदस्य सहित तीन जना : | सदस्य |
| ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीयस्तरमा रहेका सम्वन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख : | सदस्य |
| झ) नगरकार्यपालिकाको सम्वन्धित शाखा प्रमुख : | सदस्य सचिब |

(२) स्थानीय समन्वय समितिले अपांगता परिचय पत्र वितरणका लागि सिफारिस गर्ने कामका साथै ऐनको दफा ४३ को (च) बमोजिम परिचय पत्र सम्वन्धी कानुनी, संरचनागत तथा अन्य सुधार गर्नु पर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्वन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

# परिच्छेद -४
# परिचय पत्र वितरण

७. परिचय पत्र वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :

क) अपांगता भएका व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा अपांगता भएका व्यक्ति स्वयं, निजका अभिभावक वा संरक्षकले अनुसूचि १ बमोजिमको ढाँचामा परिचय पत्र प्राप्तिका लागि सबै पुष्ट्याई गर्ने कागजातहरु र २ प्रति फोटो समावेश गरी निवेदन दिनुपर्नेछ ।

ख) दरखास्तमा आफ्नो नाम, स्थायी ठेगाना, उमेर, अपांगता खुलेको लिखित प्रमाणित प्रतिलिपि, पासपोर्ट साईजको (सम्भव भएसम्म अपांगता देखिने गरी खिचिएको) फोटो, असक्तताको गाम्भीर्यताको अवस्था र शरीरका अंगहरुले गर्ने काममा आएको समस्या वा दैनिक क्रियाकलापमा हुने सिमितताहरुको विवरण संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि जन्मदर्ता प्रमाण पत्र वा नागरिकता प्रमाणपत्र वा जग्गाधनी प्रमाणपूर्जा वा शैक्षिक योग्यताको प्रमाण पत्र वा मतदाता परिचय पत्र वा अपांगताको आधारमा कुनै जागिर गरिरहेको भए नियुक्ति पत्र वा त्यो संस्थाले दिएको प्रमाण वा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका अपांगता सम्वन्धी कार्य गर्ने संघसंस्थाले गरेको सिफारिस मध्ये कुनै एक वा यस्तै विश्वस्त हुन सक्ने अन्य प्रमाणित लिखतलाई आधार मानिनेछ ।

ग) रित पुगी आएको  निवेदनमा वडा कार्यालयले निवेदन प्राप्त भएको मितिले बढीमा ३ दिन भित्र निवेदकले पेश गरेका कागजातहरुको एक प्रति कार्यालयमा राखी वडा कार्यालयको सिफारिस सहित एक प्रति नगरपालिकामा पठाउनु पर्दछ ।

घ) सम्वन्धित व्यक्तिले पेश गरेको निवेदन उपर कुनै कागजात वा प्रमाण नपुगी परिचयपत्रका लागि सिफारिस गर्न उपयुक्त नदेखिएमा सो व्यहोरा निवेदकलाई ३ दिन भित्र जानकारी दिनु पर्दछ ।

ङ) वडा कार्यालयले सिफारिस गर्न नसकिने भनि दिएको जानकारी निवेदकलाई चित्त नबुझे सूचना पाएको १५ दिन भित्र नगरपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

च) यसरी प्राप्त भएको निवेदन समेत समावेश राखी स्थानीय समन्वय समितिको बैठकमा पेश गर्नु पर्दछ । निवेदकले पेश गरेका कागजात र अन्य सम्भाव्य तथ्य प्रमाणका आधारमा निजले परिचय पत्र पाउने देखियो भनि स्थानीय समन्वय समितिले सिफारिस गरेमा निजलाई परिचय पत्र वितरण गरी त्यसको जानकारी निवेदक तथा वडा कार्यालयलाई समेत दिनु पर्दछ ।

छ) परिचय पत्रका लागि सिफारिस गर्न कुनै कठिनाई परेमा वडा कार्यालयले चिकित्सक/विशेषज्ञ वा अपांगता भएका व्यक्तिका संस्थाका प्रतिनिधिसंग राय परामर्श लिन सक्नेछ ।

ज) सामान्यतया अपांगता भएका व्यक्ति स्वयंले आफ्नो परिचय पत्र बुझिलिनु पर्दछ । अति अशक्त वा पूर्ण अशक्त अपांगता भएको कारणले परिचय पत्र बुझिलिन आउन नसक्ने भएमा वडा कार्यालयको सिफारिसमा परिवारको सदस्य, संरक्षक वा निजको वसोवास गर्ने स्थानीय निकायका पदाधिकारीले निजलाई बुझाउने गरी बुझिलिन सक्नेछन् ।

झ) परिचय पत्र प्राप्त व्यक्तिहरुको वर्गीकृत लगत स्थानीय तहले कम्प्यूटराईज  गरी आफ्नो कार्यालयमा राखी चौमासिक रुपमा प्रदेश र संघको सम्वन्धित मन्त्रालयमा जानकारी गराउनु पर्दछ ।

ञ) समन्वय समितिले परिचय पत्र दिने भनि ठहर गरेका अपांगता भएका व्यक्तिलाई दुल्लू नगरपालिकाले अनुसूची २ बमोजिम परिचय पत्र निःशुल्क उपलव्ध गराउनु पर्नेछ ।

ट) परिचयपत्रमा दुल्लू नगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर हुनेछ । प्रचलित कानुनको अधिनमा रही अन्य अधिकृत कर्मचारीलाई समेत अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।
ठ) प्रत्यक्षरुपमा देखिने वा अवलोकन गर्न सकिने शारीरिक, मानसिक वा इन्द्रीय सम्वन्धी क्षतिको हकमा परिचय पत्र प्रदान गर्ने अधिकारीले अवलोकन गरी तत्काल उपयुक्त परिचय पत्र उपलव्ध गराउनु पर्नेछ ।
ड) प्रत्यक्षरुपमा नदेखिने वा अवलोकन गर्न नसकिने शारीरिक, मानसिक वा इन्द्रीय सम्वन्धी क्षति भएका वा प्रष्ट रुपमा छुट्याउन समस्या भएका अपांगता भएका व्यक्तिका हकमा समन्वय समितिमा पेश गरी समितिको सिफारिसका आधारमा परिचय पत्र वितरण गर्नु पर्नेछ ।

८. अन्य स्थानीयतहवाट परिचय पत्र वितरण गर्ने :
स्थानीय ठेगानामा वसोवास नभएका र विभिन्न अवरोध तथा शारीरिक वा मानसिक अवस्थाको गाम्भीर्यताको कारण आफ्नो स्थायी वसोवास भएको जिल्लामा गई अपांगता परिचय पत्र प्राप्त गर्न असमर्थ व्यक्तिहरुका लागि निजको स्थायी बसोवास भएको स्थानको सम्वन्धित स्थानीय तहवाट परिचय पत्र नलिएको सुनिश्चित भएमा दफा ५ को प्रक्रिया पुरा गरी परिचय पत्र प्रदान गरेर सम्वन्धित स्थानीय तहलाई जानकारी गराउन सकिने छ ।

९. प्रतिलिपि सम्वन्धी व्यवस्था :
(१) परिचय पत्र हराई, नासिई वा विग्रिई परिचय पत्रको प्रतिलिपि लिनु पर्ने भएमा आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहको वडा कार्यालयमा यथार्थ विवरण र कारण खुलाई सिफारिसका लागि निवेदन दिनु पर्नेछ ।
(२) वडा कार्यालयले सबै व्यहोरा बुझि निवेदकको माग मनाशिव देखिएमा परिचय पत्रको प्रतिलिपि उपलव्ध गराउन प्राप्त निवेदन तथा अन्य कागजातको प्रतिलिपि वडा कार्यालयमा राखी निवेदकले पेश गरेको सक्कल कागजात सहित सिफारिस गरी नगरपालिका स्थानीय तहमा पठाउनु पर्नेछ ।
(३) स्थानीय तहले सिफारिस सहित प्राप्त भएको निवेदन अपांगताको प्रकृति अनुसार सोझै वा स्थानीय समन्वय समितिमा पेश गरी समितिको निर्णय अनुसार अपांगता परिचय पत्रको प्रतिलिपि निशुल्क उपलव्ध गराउनु पर्नेछ ।
(४) प्रतिलिपिका लागि प्राप्त भएको निवेदनका विषयमा सो परिचय पत्र वाहक व्यक्तिले पहिले प्राप्त गरेको परिचय पत्रमा हेरफेर गर्नुपर्ने देखिएमा स्थानीय सिफारिस समितिमा पेश गरी सो समितिवाट प्राप्त निर्देशनज अनुसार गर्नु पर्नेछ ।
१०. यस कार्यविधिको प्रतिकुल कार्य भएमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम सजाय हुनेछ ।

११. अभिलेख सम्बन्धी व्यवस्था :
(१) सम्वन्धित वडा कार्यालयले आफ्नो क्षेत्रमा भएका कुल अपांगता भएका व्यक्तिहरु तथा अपांगता भएका व्यक्तिहरु मध्ये परिचय पत्र पाएका व्यक्तिहरुको अपांगताको प्रकृति र गाम्भीर्यता लगायत अन्य आवश्यक विवरण खुल्ने गरी नियमित रुपमा अध्यावधिक गरी त्यसको चौमासिक विवरण तयार गरी नियमित रुपमा नगरपालिका तथा जिल्ला समन्वय समिति समेतलाई पठाउनु पर्दछ ।
(२) स्थानीय तहले परिचय पत्र वितरण गरे पछि यसको जानकारी परिचय पत्र प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको वडा कार्यालयमा दिनु पर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका कुल अपांगता भएका व्यक्तिहरु तथा अपांगता परिचय पत्र पाएका व्यक्तिहरुको अभिलेख राखी त्यसको चौमासिक प्रतिवेदन प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-५
## बिबिध

१२. बिबिध :

(१) स्थानीय तहले आ-आफ्नो क्षेत्राधिकार भित्र रहेर विकट तथा दुर्गम गाउँहरुमा रहेका अपांगता भएका व्यक्तिहरुका लागि अपांगता परिचय-पत्र लगायतका सेवा सरल तरिकाले उपलब्ध गराउन कम्तिमा वर्षको एक पटक ती ठाउँहरुमा परिचय-पत्र वितरण सम्वन्धी घुम्ति शिविर संचालन गर्नु पर्नेछ ।

(२) यो कार्यविधि लागु हुनु अगाडि प्राप्त गरेको अपांगता परिचय-पत्र सम्वन्धित नगरपालिकामा बुझाई यो कार्यविधि जारी भएको मितिले १ वर्ष भित्रमा यस कार्यविधि बमोजिमको परिचय-पत्र लिनु पर्नेछ । यस अघि जारी भएका परिचय पत्र एक वर्ष अघि स्वत:मान्य हुने छैन ।

(३) यस कार्यविधिमा भएको प्रावधान अपांगता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन र अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

(४) अपांग परिचय-पत्र वितरण सम्वन्धमा यस कार्यविधिमा उल्लेख नभएको विषयमा अपांगता भएका व्यक्तिहरुको अधिकारी सम्वन्धीऐन र अन्य प्रचलन कानुन बमोजिम हुनेछ ।

(५) अपांग परिचय-पत्र वितरण निर्देशिका, २०६५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(६) अपांग परिचय-पत्र वितरण निर्देशिका, २०६५ खारेज गरिएको छ ।

## अनुसूची -१
## अपांगता भएका व्यक्तिको परिचय-पत्र पाउनको लागि दिने निवेदनको ढाँचा

फोटो

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय दुल्लू, दैलेख
मार्फत वडा अध्यक्षज्यू
दुल्लू नगरपालिका वडा नं. ......

मिति :

विषय : अपांगता भएका व्यक्तिको परिचय-पत्र पाउँ ।

महोदय,

म अपांगता भएका व्यक्तिको परिचय-पत्र पाउन योग्य भएकोले निम्न लिखित विवरण राखि परिचय-पत्र पाउन यो निवेदन पेश गरेकोछु । मैले पेश गरेको विवरण ठीक साँचो छ, झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिमको सजाय भोग्न मञ्जुर छु ।

१. नाम थर : ..........................................उमेर..............................लिंग
२. प्रदेश : ...............................
३. ठेगाना : ................................
क) स्थायी ठेगाना : .............................पालिका, वडा नं. .......................टोल ...............
ख) अस्थायी ठेगाना : ............................पालिका, वडा नं. .....................टोल................
ग) सम्पर्क टेलिफोन वा मोवाईल नं. : ..........................................................
३. संरक्षक/अभिभावकको नाम थर.................................निवेदकको नाता....................
४. संरक्षक/अभिभावकको टेलिफोन वा मोवाईल नं. : ...........................
५. नेपाल सरकारको परिभाष र वर्गीकरण अनुसार अपांगताको प्रकार ....................
६. नेपाल सरकारको परिभाषा र वर्गीकरण अनुसार अशक्तताको आधारमा अपांगताको प्रकार...
७. शरीर अंग, संरचना, प्रणालीमा आएको क्षतिको विवरण : .......................
..............................................................................................................

८. क्षति भएपछी दैनिक क्रियाकलापमा आएको अवरोध वा सिमितताको विवरण
.......................................................................................................
.......................................................................................................
९. अपांगताको कारण उपयुक्त स्थानमा चिनो लगाउनु होस

क) रोगको दीर्घ असर　　ख) दुर्घटना　　ग) जन्मजात
घ) सशस्त्र द्वन्द्व　　ङ) वंशानुगत कारण　　च) अन्य...................

१०. सहायक सामग्री प्रयोग गर्नु पर्ने आवश्यकता भएको वा नभएको : उपयुक्तः स्थानमा चिनो लगाउनुहोस ।
क) भएको　　ख) नभएको

११. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ
.............................................................................................

१२. सहायक सामग्री प्रयोग गर्ने गरेका/नगरेको (उपयुक्त स्थानमा चिनो लगाउनुहोस
क) गर्ने गरेको　　ख) गर्ने नगरेको

१३. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नामः ................................
१४. अन्य व्यक्तिको सहयोग विना आफ्ना कस्ता कस्ता दैनिक कार्य गर्न सक्नुहुन्छ ।
क)................................ख)..............................ग)...................................
घ).................................ङ)..............................च)...................................
१५. अन्य व्यक्तिको सहयोग लिनुहुन्छ भने कुन कुन कामको लागि लिनु हुन्छ ।
क)................................ख)..............................ग)...................................
घ).................................ङ)..............................च)...................................

१६. पछिल्लो शैक्षिक योग्यता
क) प्राथामिक तह　　ख) निम्न माध्यामिक तह　　ग) माध्यामिक तह
घ) उच्च माध्यामिक तह　　ङ) स्नातक तह　　च) स्नातकोत्तर तह　　छ) विद्यावारिधी तह

१७. कुनै तालिम प्राप्त गर्नु भएको भए मुख्य तालिमहरुको नाम लेख्नुहोस
...................................................................

१८. हालको पेशा :
क) अध्ययन　　ख) कृषि व्यवसाय　　ग) स्वरोजगार　　घ) अध्ययन　　ङ) सरकारी सेवा
च) निजी क्षेत्रमा सेवा　　छ) केही नगरेको　　ज) अन्य

निवेदक :
नाम, थर :
हस्ताक्षर :
मिति :.

## अनुसूची -२
## अपांगता भएका व्यक्तिको परिचय-पत्रको ढाँचा

दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख

कर्णाली प्रदेश

फोटो

परिचय पत्र नं. :
परिचय पत्रको प्रकार :

**<u>अपांगता परिचय पत्र</u>**

१) नाम थर :
२) ठेगाना : प्रदेश .............................जिल्ला...........................स्थानीय तह.....................
३) जन्म मिति :                                   ४) नागरिकता नं. :
५) लिंग : ............................                   ६) रक्त समुहः
७) अपांगताको किसिम : प्रकृतिको आधारमा .......................गम्भीरता....................
८) बाबु/आमा वा संरक्षकको नाम, थर : .......................
९) परिचपत्र वाहकको दस्तखत :
१०) परिचय पत्र प्रमाणित गर्ने :.

नाम थर :
हस्ताक्षर :
पद :
मिति :

" यो परिचय पत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानीय निकायमा बुझाईदिनुहोला"

Annex-2

**Disability Card Format**

Dullu Municipility
Office of Municipal Excutive
Dullu, Dailekh
Karnali Province

photo

ID Card Number :
ID Card Type:

**Disability Identity Card**

1) Full Name of Person :
2) Address : Province……..District……………Local Level……
3) Date of Birth …………………..4) Citizenship Number………
5) Sex…………………..6) Blood Group………………
7) Types of Disability : On the basis of nature………………On the basis of seveity…………………….
8) Father/Mother Name of Guardain…………………………
9) Signature of ID Card Holders…………………….
10) Approved by…………………………

Name:
Signature :
Designation:
Date:

" If somebody finds this ID card, please deposit this in the nearly police station or municipality office"

# अनुसूची -३
## अपांगता भएका व्यक्तिको कार्यालयमा राखिने अभिलेखको ढाँचा

क्रमसंख्या :                    अपांगता परिचय पत्र नं. :               परिचय पत्रको प्रकार :

१) नाम थर :

२) ठेगाना (स्थायी) : प्रदेश .............जिल्ला...............स्थानीय तह..................वडा.......

३) ठेगाना (स्थायी) : प्रदेश .............जिल्ला...............स्थानीय तह..................वडा.......

३) जन्म मिति :            ४) नागरिकता नं. :                ५) लिंग :

६) रक्त समुहः           ७) विवाहित/अविवाहित

८) बाबु/आमा वा संरक्षकको नाम, थर : ......................

९) ठेगाना : प्रदेश .............जिल्ला...............स्थानीय तह..................वडा.......

१०) अपांगता भएको व्यक्तिसँगको नाता :

११) पछिल्लो शैक्षिक योग्यता :

१२) अध्ययनरत विद्यालय वा कलेज :                    अध्ययन नगरेको            पढाई सकेको

१३) पेशा :

१४) अपांगताको किसिम :

क) अपांगताको प्रकृतिको आधारमा :

ख) अपांगताको गम्भीरताको आधारमा :

१५) कस्ता दैनिक क्रियाकलाप गर्न सकिन्छ ? ..........................................................

१६) कस्ता दैनिक क्रियाकलाप गर्न सकिदैन ? ....................................................................

१७) सहायक सामग्री आवश्यक      पर्ने                          नपर्ने

आवश्यक पर्ने भए के...................................................................

१८) हाल सहायक सामग्री     पाएको                          नपाएको

१९) परिचय-पत्र वाहकलाई प्राप्त गरेका अन्य सेवा,सुविधा

.....................................................................................

२०) परिचय-पत्र वाहकलाई आवश्यक परेका अन्य सेवा सुविधाहरु

.......................................................................

२१) सेवा, सुविधा प्रदान गर्ने निकाय ..........................................

२२) अन्य.............................................................

प्रमाणित गर्ने अधिकारीको :

हस्तखत :

नाम थर :

पद :

कार्यालय :

मिति :